# गैरकाष्ठ वन पैदावारको संकलन, खेती बिस्तार र गरिवी निवारण

**भिष्म प्रसाद सुवेदी**
**दिगो कृषि तथा जैविक स्रोतका लागि एशियाली नेटवर्क**
**(एन्साब)**

## नेपालमा गैरकाष्ठ वन पैदावारको संकलनको अवस्था

नेपाल गैरकाष्ठ वन पैदावारको उपलब्धताको दृष्टिकोणले धेरै सम्पन्न मुलुक भएतापनि यी पैदावार पाईने भु भागका अधिकांश मानिसहरु विपन्न नै छन् र समग्र नेपालमा पनि गैरकाष्ठ वन पैदावारको प्रयोग एकदमै नगन्य रुपमा गरिन्छ ।

नेपालका ८०% भन्दा बढि जनताहरुको जीविकोपार्जन कृषि तथा वनमा आधारित उत्पादनहरुमा आश्रीत छ । क्षेत्रफलमो आधारमा हेर्ने हो भने पनि नेपालको कुल क्षेत्रफलको २९% भु भाग वन क्षेत्रले ढाकेको छ भने १०.६% झाडिले ओगटेको छ । यसमा अरु घाँसे क्षेत्र र खेति योग्य नभएको जमिनको हिसाब गर्ने हो भने नेपालको कुल क्षेत्रफलको ५०% भन्दा बढि भु भाग जडीवुटी तथा गैरकाष्ठ वन पैदावारको लागि सभाव्य क्षेत्रले ओगटेको छ भन्न सकिन्छ ।

नेपालमा पाईने करिब ७००० प्रजातिका वनस्पति मध्ये ७०० प्रकारका प्रजातिहरु जडीवुटीहरुमा समावेश गरिएका छन् जस अन्तर्गत २३८ जातिका वनस्पतिहरूको रासायनिक परिक्षण समेत गरिएको छ जसमा १४० प्रजातिका वनस्पतिहरु व्यापारिक रुपमा संकलन तथा विक्रि वितरण भएको पाईन्छ ।

जैविक विविधताले सम्पन्न नेपालमा पाईने ७००० प्रजातिका वनस्पतिहरु मध्ये १०-२०% सुगन्धित तथा औषधिजन्य वनस्पति छन् र ५% जति नेपालमा मात्रै पाईन्छन् । हरेक बर्ष ४२ हजार टन जति गैरकाष्ठ वन पैदावारहरु संकलन गरिन्छ । यसबाट बार्षिक आर्थिक आम्दानिको कुरा गर्ने हो भने २ करोड ६० लाख अमेरिकी डलर वराबर पर्न आउँछ ।

हाल नेपालमा १३ हजार सामुदायिक वन उपभोक्ता समुहहरु छन जस अन्तर्गत नेपालको एक तिहाई जनसंख्या पर्न आउछ । यस मध्ये ४०% मानिसहरु गैरकाष्ठ वन पैदावारको व्यापारिक प्रयोजनमा आश्रित छन । ग्रामिण ईलाकामा गैरकाष्ठ वन पैदावारको संकलक भनेका गरिब र वञ्चित समुदाय नै हुन । त्यसमा पनि हिमाली क्षेत्रको आँकडा हेर्ने हो भने त ८०% गैरकाष्ठ वन पैदावारको संकलक महिलाहरु हुने गर्दछन । अधिकांस गैरकाष्ठ वन पैदावारको संकलन हिमाली क्षेत्रका विपन्न भन्दा विपन्न समुदायले गर्दछन जहाँ ५७% मानिसहरु गरिविको रेखामुनि रहेका छन ।

हिमाली क्षेत्रका अधिकांश मानिसहरुको जीवन धान्ने आधार नै जडिबुटी तथा गैरकाष्ठ वन पैदावार हो भन्ने कुरामा दुई मत हुनु पर्दैन । त्यसमा पनि नेपालका अधिकांस गरिव जनताको वसोवास हिमाली क्षेत्रमा नै रहेको छ । यस कारणले पनि जडीवुटी तथा गैरकाष्ठ वन पैदावारको उपयुक्त व्यावस्थापन र बजारको खोजि गर्न सकेमा निस्चयनै यसले गरिवी निवारणमा ठुलो योगदान पुर्‍याउन सक्छ ।

## नेपालमा गैरकाष्ठ वन पैदावार र खेती बिस्तारको सम्भावना

नेपालको प्रादेशिक क्षेत्रको आधारमा हेर्दा उच्च हिमाली क्षेत्रमा पाईने मुख्य जडी्वुटीहरुमा यार्सागुम्बा, चिराईतो, जटामसी, कुट्की, अतिस, विष, विषमा, निरमसी, धुपी, झ्याउ, नागवेली, पदमचाल, पाषणवेद, पाँचऔले, शिलाजित, गुच्चीच्याउ, सोमलता, सतुवा, सुनपाती, लघुपत्र, सुगन्धवाल, लौठसल्ला, तलिसपत्र आदि मुख्य रुपमा रहेका छन ।

त्यसैगरी मध्य पहाडी क्षेत्रमा पाईने जडीवुटीहरुमा लोक्ता, अर्गेली, घसिंग्रे, टिमुर, तेजपात, रुद्राक्ष , रिट्ठा,, मजिठो, पिपली, गुर्जो, बोझ्फो, भ्याकुर, बज्रदन्ति, घोडटाप्रे, सुगन्धकोकीला, सुगन्धवाल आदि रहेका छन । भने तराई तथा भावर क्षेत्रमा हर्रो, वर्रो, अमला, सतावरी, सर्पगन्धा, खयर, गुर्जो, वेल, राजवृक्ष, नीम, असुरो, कण्टकारी आदि पाईन्छन ।

नेपालमा पाईने सबैजसो गैरकाष्ठ वन पैदावारहरुको खेती बिस्तार गरी आर्थिक मुनाफा लिने भन्ने कुरा धैरै कठिन विषयबस्तु हो । विभिन्न हावापानी, भौगोलिक परिस्थितिमा पाईने गैरकाष्ठ वन पैदावारबाट लिईने आर्थिक मुनाफा यसको पुनरुत्पादन/प्रशारण, उत्पादन तथा बजारमा भर पर्ने भएकाले केही मात्र जडीबुटी र गैरकाष्ठ वन पैदावारको खेती गर्नु आर्थिक दृष्टिकोणले महत्वपूर्ण छ ।

उदारहणको रुपमा केहि निश्चित जडीबुटीहरुको विक्री र आर्थिक मुनाफाको हिसाब किताब गर्ने हो भने हिमाली जिल्लामा पाईने यार्सागुम्बाको मात्र एक वर्षमा २० देखि २५ क्विन्टल सङ्कलन र विक्रि भई करिव २० करोड रुपैयाँ वरावरको आर्थिक आम्दानी भएको देखिन्छ । त्यस्तै गरि २७ करोड भन्दा बढिको त नेपाली कागज नै मुलुक वाहिर निकासी हुन्छ । त्यसैले थोरै प्रकारका मात्रै आर्थिक हिसाबले उच्च महत्व राख्ने गैर काष्ठ बन पैदावारको प्रचुर मात्रामा खेती गर्न सकियो भने प्रसस्त आर्थिक आम्दानी गर्न सकिने सम्भावनाहरु देखिन्छन् ।

## गैरकाष्ठ वन पैदावार र गरिवी निवारण

स्वभावैले गैरकाष्ठ वन पैदावारहरु दुर्गम, विकट र धेरै उचाई भएका हिमाली तथा पहाडी क्षेत्रमा प्रचुर मात्रामा पाईन्छन । र त्यहि दुर्गमपना र विकटताले त्यस भु भागका मानिसहरुलाई गरिव बनाएको छ । नेपालमा सबैभन्दा बढि, ५७% गरिबिको रेखामुनि रहेका मानिसहरु हिमाली भु भागमा बसोबास गर्छन । र नेपालमा सबैभन्दा बढि जडीवुटी तथा गैरकाष्ठ वन पैदावार पनि यहि ईलाकामा पाईन्छ । त्यसैले गरिवी र गैरकाष्ठ वन पैदावार विचको सम्बन्ध अन्योन्यास्रित छ ।

हिमाली तथा उच्च पहाडी ईलाकाका अधिकांश मानिसको वाच्ने आधार भनेको नै जडीबुटी र गैरकाष्ठ वन पैदावार हो । त्यसैले नै त्यस क्षेत्रका मानिसहरुको जीवनोस्तर उकास्नको लागि जडीबुटीको प्रबर्धन बाहेक अरु कुनै विकल्प छैन भन्नु नै अतियुक्त हुन्छ । र गैरकाष्ठ वन पैदावारको व्यवस्थापन र यसको बजारको खोजि गर्न सकेमा गरिवी निवारण हुन सक्ने अवस्यम्भावी पक्षहरु पनि धेरै नै छन ।

गैरकाष्ठ वन पैदावारको धनि मुलुक नेपालमा यसको उचित व्यवस्थापन र बजारको खोजि गर्न सकेमा गरिवी निवारणमा यसले ठुलो योगदान पुर्याउन सक्छ भन्ने कुरालाई मध्य नजर गरी दशौं पञ्च वर्षीय योजनाले गैरकाष्ठ वन पैदावारको प्रवर्धनलाई विषेश जोड दिएको छ ।

नेपालको वन विकास गुरु योजनाले पनि वनमाथि स्थानीय समुदायको अधिकारलाई सुनिश्चित गर्न विभिन्न उद्देश्यहरु, कार्यनीतिहरु र कार्यक्रमहरु निर्धारण गरेको छ । यसले स्थानीय समुदायको आवश्यकता पुर्ति गरेर बढि हुने वन क्षेत्र क्रमशः निरपेक्ष गरिवीको रेखामुनिका जनता, साना किसान र वनमा आधारित उद्योगहरुद्धारा प्राथमिकता क्रम अनुसार व्यावस्थापन गर्ने, उनिहरुलाई प्राथमिकता दिई नर्सरी स्थापना गर्न तालीम र सहायता दिनुका साथै उनिहरुको उत्पादन खरिद गर्ने उद्धेश्य राखेको छ ।

## गैरकाष्ठ वन पैदावारको संकलन सम्बन्धि नीतिगत व्यवस्था

वन नियमावली २०५१ मा उल्लेख भए अनुसार कुनै पनि व्यक्तिले गैरकाष्ठ वन पैदावार संकलन गर्नु अघि जिल्ला वन कार्यालय अथवा सामुदायिक वन उपभोक्ता समुहसंग पुर्व स्विकृति लिनुपर्ने व्यवस्था छ । नेपाल सरकारले विक्रम संवत २०५८/९/१६ देखि पाँचऔले (Dactylorhiza hatagirea), ओखरको वोक्रा (Juglans regia), तथा कुट्की (Picrorhiza scrophulariiflora) को संकलन, प्रयोग तथा यसको निर्यात गर्न रोक लगाएको छ । यस्तैगरि जटामसी, सर्पगन्धा, सुगन्धकोकीला , भ्याउ, तलिसपत्र तथा लौठसल्लाको पनि अप्रशोधित रुपमा निर्यात गर्न

रोक लगाईएको छ र प्रशोधन भैसकेपछि वन विभागको स्विकृति पछि मात्र निर्यात गर्न छुट दिईएको छ। सरकारले यार्सागुम्बा र सिलाजितलाई पनि अप्रशोधित रुपमा मुलुक वाहिर निर्यात गर्न रोक लगाएको छ।
संकलन अनुमति, कर तथा गैरकाष्ठ वन पैदावारको व्यापार सम्बन्धि जटिल औपचारिकता र प्रकृयाका कारण यसका संकलक तथा व्यापारीहरु हतोत्साहि हुनु पर्ने अबस्था व्याप्त छ। गैरकाष्ठ वन पैदावारको विकास गरि गरिव जनताको लागि आर्थिक लाभ उठाउन अस्पस्ट निति नियमहरुलाई सच्याईनु पर्ने आबस्यकता टड्कारो रुपमा उभिएको छ। हालैमात्र यस क्षेत्रमा देखिएको नीतिगत समस्याहरुको पहिचान र यसको समाधानको पक्षमा पहल गर्ने उद्धेश्यले माननीय वन तथा भु संरक्षण मन्त्री ज्यू को अध्यक्षतामा जडीवुटी तथा गैरकाष्ठ वन पैदावार समन्वय समितिको गठन भएको छ। र यसले जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको पक्षमा अनुकुल नीतिको निर्माण गर्न पहल गरिराखेको छ।

## <u>एन्साब र गैरकाष्ठ वन पैदावारको प्रवर्धनमा यसले चालेका कदमहरु</u>

जैविक विविधता संरक्षण र दिगो सामुदायिक विकासका लागि उद्यममुलक समाधान प्रति दिगो कृषि तथा जैविक स्रोतका लागि एशियाली नेटवर्क (एन्साव) प्रतिबद्ध छ। एन्सावका कार्यक्रमहरु हाल नेपालको पहाडि, हिमाली तथा पुर्व तराई जिल्लाहरु जस्तै जुम्ला, हुम्ला, मुगु, डोल्पा, बझाङ, दोलखा, दार्चुला, रामेछाप, वाँके, वर्दिया, कैलाली, बैतडी जिल्लाहरुमा केन्द्रित छन। एन्सावले प्राकृतिक उत्पादनमा आधारित उद्यम, सामुदायिक वन, महत्वपुर्ण साझेदार संस्थाहरुको क्षमता अभिवृद्धि तथा समुदायसंग प्रत्यक्ष रुपमा कार्य गर्नुका साथै अरु साझेदारहरुसँग समन्वय गरी जैविक विविधताको संरक्षण गर्न र दिगो रुपमा समुदायको विकास गर्न सामुदायिक वन मार्फत आफ्ना कार्यक्रमहरु अगाडि बढाएको छ। एन्साबले आफ्ना कार्यक्रमहरुको अनुगमन तथा सर्वेक्षण गर्दा उद्यम बाहेक सामुदायिक वन क्षेत्रमा मात्रै हालसम्म निम्नानुसार सफलता हात पारेको छ।

सामुदायिक वनमा एन्साबको सफलता
१६ माघ, २०६० सम्ममा

| जील्ला/बिवरण | नं | क्षेत्रफल - हेक्टरमा | घरधुरी | जनसंख्या | पुरुष | महिला |
|---|---|---|---|---|---|---|
| हुम्ला | ३९ | २३१२६.६ | २३९०० | २१६९५ | १३९८४ | १०३४९ |
| जुम्ला | १२ | ९८७० | १४२० | ८०९४ | ४१८१ | ३९१३ |
| डोल्पा | ८ | ११९१६ | ७९८ | ३९९० | २०१३ | १९७७ |
| मुगु | ११ | ४१३ | ६९७ | ३७५० | १९२३ | १८२७ |
| बझाङ्ग | ज्ञट | २८८३ | २२७४ | १३२८० | ६४१४ | ६८६६ |
| दोलखा | ठ | २७२०.८ | १४२७ | ६७०७ | ३२८१ | ३४२६ |
| बागलुङ्ग | १ | ७६७.५ | २१४ | १०७० | ४९२ | ५७८ |
| दार्चुला | ६ | १३९३८.० | ७७० | ४२३४ | २०७५ | २१५९ |
| **जम्मा** | **१००** | **६५६३५** | **१०५००** | **६२८२०** | **३४३६३** | **३१०९५** |

स्रोत : ANSAB database and reports
HH Size and sex ratio as per CBS Census 2001

यस बाहेक एन्साबले बिभिन्न जिल्लाहरुमा दिगो रुपमा वन ब्यवस्थापन र आर्थिक आम्दानी होस भन्ने उद्देश्यले वन पैदावारमा आधारित उद्यमको बिकास गर्दै आएको छ। विगत एक दशक देखिको कुरा गर्ने हो भने एन्साबले वन पैदावारमा आधारित उद्यमको विकास र यसबाट हुने आर्थिक लाभ र जैविक विविधता सम्वन्धि राम्रो अनुभव वटुलेको

छ । बिश्व ब्यापी संरक्षण कार्यक्रम अर्न्तगत बझाङ्गमा स्थापना गरिएको मालिका हाते कागज उद्योग मात्रको कुरा गर्ने हो भने २०५८ सालमा स्थापना भएको यो उद्यमले आफ्नो स्थापनाकालको ............बर्ष भित्रै ५०,००० रुपैयाँ साझेदार सामुदायिक वन उपभोक्ता समुहका सदस्यहरुलाई मुनाफाको रुपमा बाड्न सफल भयो । त्यस्तै गरी एन्साबको पहलमा हुम्लामा हुम्ला आयल उद्योग, मुगुमा सावुन उद्योग र विभिन्न कोअपरेटिभ्स हरुको स्थापना गरेको छ । एन्सावले गैरकाष्ठ वन पैदावारको विकासका लागि अनुकुल नीतिहरुको नीर्माण गर्न पहल गर्ने तथा यसको पक्षमा काम गर्नका लागि सम्बन्धित क्षेत्रका सरोकारवाला संस्थाहरु  विच संजालको नीर्माण गर्ने, तथा गैर काष्ठ बन पैदावारको बजार सम्वन्धि सुचना प्रणालीको बिकास पनि गर्दै आएको छ ।

*हाल खेती बिस्तारमा एन्साबका प्रयासहरु*

एन्साबले हिमाली तथा पहाडी जिल्लाहरुमा विगत केही बर्ष देखी खेती बिस्तार गर्न सकिने गैरकाष्ठ बन पैदावारहरुको अध्ययन तथा अनुसन्धान गर्न बिभिन्न बनस्पतिहरुको नर्सरी प्लट स्थापना गर्ने र समुदायका मानिसहरुलाई यस सम्बन्धि तालिम तथा जानकारीहरु उपलब्ध गराउदै आएको छ ।
दार्चुला जिल्लामा लागु गरिएको जीविकोपार्जनका लागि औषधिजन्य तथा सुगन्धित वनस्पति संरक्षण परियोजना अन्तर्गत एन्सावले दार्चुला जिल्लामा यर्सागुम्बाको जैविक परिक्षण, पाइने ठाउँ र वरपरको ईकोसिस्टम सम्बन्धि हालै एक अनुसन्धान सुरुवात गरेको छ ।
त्यसैगरि दार्चुलाका राप्ला र सुनसेरा गा.वि.स.मा ओखरको विभिन्न (८-६० वर्ष) उमेरका अबस्थाहरुमा यसको विकास, पुनरुत्पादन क्षमता तथा स्वास्थ्य सम्बन्धि परिक्षण गर्न ट्रायल प्लट हरु स्थापना गरीएका छन् । यहाँका ६ वटा सामुदायिक वन उपभोक्ता समुहहरुले उनीहरुका आ-आफ्ना क्षेत्रहरुमा गैरकाष्ठ बन पैदावार तथा औषधिजन्य वनस्पतिहरुको नर्सरीको स्थापना गरेका छन् ।

यहा चिराईतोको उम्रने क्षमता परिक्षण गर्दा परिणाम साह्रै नै राम्रो पाईयो । एन्साबको सहयोगमा यहाँ लोक्ता, टिमुर, बोझो, सुगन्धवाल, जटामसि, र पाचऔलेका प्रर्दशनी प्लटहरु पनि स्थापना गरिएका छन् ।

**गैरकाष्ठ वन पैदावारको वेचविखनबाट आय आर्जन गर्न चुनौती तथा अवसरहरु**

*चुनौतीहरु*

- गैरकाष्ठ वन पैदावार समन्धि सुचना प्रणाली विकट समुदायसम्म ससक्त बनाउन कठिन हुनु
- संकलन गर्ने प्रविधि सम्बन्धि चेतनाको कमि र संकलित उत्पादन विभिन्न ठेकेदार तथा दलालहरु मार्फत अन्तराष्ट्रिय बजारमा पुग्ने भएकाले वास्तविक संकलकले आफुले परिश्रंम गरे बराबरको मुल्य नपाउनु
- सम्मको पहुचका लागि समन्वय र समन्धको अभाव
- अपर्याप्त अध्ययन तथा अनुसन्धान

*अवसरहरु*

- विपन्न र विकट हिमाली समुदायमा प्रसस्त मात्रामा जडीबुटीहरु पाईनु
- गैरकाष्ठ वन पैदावार तथा जडीबुटीका उत्पादनहरुको राष्ट्रिय क्षेत्रमा बढ्दो बजार तथा माग

**निष्कर्ष**

प्रोफेसर विल बर्चका अनुसार जवसम्म सामान्य मान्छेहरुले जैविक विविधताको महत्व र आवश्यकतालाई आत्मसात गर्न सक्तैनन, तवसम्म जतिसुकै सैनिक, वातावरणविद र प्रकृतिप्रेमीहरु संसारको कुनै पनि संरक्षित क्षेत्रको अखण्डता सुनिश्चित गर्न पर्याप्त हुन सक्तैनन् । बास्तवमा वनजन्य प्राकृतिक स्रोतको परिचालनबाट गरिवी नीवारण गर्न दिगो रुपमा बनको ब्यवस्थापन गर्नु अपरिहार्य छ र वातावरणीय दृष्टिकोणले यसको समकक्षी आवस्यकता जैविक

विविधताको संरक्षण नै हो । तर स्थानीय समुदायमा नै स्रोतमाथी उनीहरुको अधिकारको प्रत्याभुती र स्रोतको संरक्षणका लागि जीम्मेवारीपना छैन भने गरिवी नीवारणका सामान्य उपायहरु पनि कठिन हुनु जान्छन् ।

दिगो रुपमा जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको व्यवस्थापन गरी समुदायका मानिसहरुले निरन्तर रुपमा आर्थिक मुनाफा लिई राख्नका लागि वन पैदावारमा आधारित उद्यमको विकास निस्चयनै प्रभावकारी उपाय हुन सक्छ । वन पैदावारमा आधारित उद्यमको विकास भएपछि समुदायका मानिसहरु आर्थिक मुनाफा र जीविकोपार्जनका लागि वन पैदावारको आवस्कता प्रति बढि संवेदनशिल हुन्छन् र संरक्षणका लागि उद्दत हुन्छन् जसवाट दिगो रुपमा आय आर्जन र जैविक विविधताको पनि संरक्षण गर्न सकिन्छ । तर यसका कार्यान्वयनका पक्षहरु भने त्यती सजीला छैनन् किनभने गैरकाष्ठ वन पैदावारको संरक्षण, संकलन र वेचविखनबाट स्थानीय समुदायले आर्थिक मुनाफा लिने प्रक्रियामा पैदावारहरुको संकलन, ब्यापार र कर सम्बन्धि नीतिको निर्माण र कार्यान्वयन, उत्पादनहरुको जैविक परिक्षण, प्रमाणिकरण र बजारका विषयबस्तुहरुले प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा असर पारिराखेकै हुन्छ ।

तर सबै सम्वन्धित सरकारी तथा गैरसरकारी संघ/संस्था, नीति नीर्माण गर्नेहरुको संयुक्त पहल भएमा गरिवी निवारण पक्कै पनि गाह्रो छैन । आज हामी सबैको प्रतिबद्धता, जांगर र संगठित अनि संयुक्त प्रयासको खाचो छ ।